म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ९९ सोमबार ५ मंसिर २०७९ ने. सं. ११४३ कछलागा 21 November, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## निर्वाचन बिथोल्न खोज्ने ७ जना पक्राउ

हेटौंडा, ४ मंसिर/मकवानपुर प्रहरीले निर्वाचन बिथोल्न खोज्ने नेकपा बहुमतका मकवानपुर इन्चार्जसहित ७ जनालाई पक्राउ गरेको छ । निर्वाचन विरोधी गतिविधि गर्न खोजेको आरोपमा प्रहरीले हेटौंडा-१० बसपार्कबाट ७ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा इन्चार्ज ४१ वर्षीय रबि खड्कासहित नेकपा बहमुतका जिल्ला संयोजक हेटौडा-१५ का ४८ वर्षीय शक्ति मगर, सचिवालय सदस्य बागमती-४ का ५१ वर्षीय लिला माझी, जिल्ला सदस्य हेटौंडा-१० बस्ने ४३ वर्षीय अजय गहतराज, हेटौंडा-११ बस्ने ३५ वर्षीय विकास लामा, बागमती-८ बस्ने ५० वर्षीय अनिल सिङ्तान र हेटौंडा-८ बस्ने ३० वर्षीय वसन्त लामा रहेका छन् । उनीहरुमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# मकवानपरमा देखिएन मतदातामा उत्साह, कारण के हो ?

साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ देशका करिब २० वटा मतदान केन्द्रमा तोडफोड, झडप, आगजनीलगायतका घटना भएपनि मकवानपुरका १० वटै पालिकामा रहेका मतदान केन्द्रहरुमा शान्तिपूर्ण तवरले मतदान प्रक्रिया पूरा भएको छ ।

जिल्लास्थित ३ सय ६६ वटा मतदान केन्द्रमा कुनै गम्भिर प्रकृतिका घटना नभई मतदान सकिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जानकारी दिएको छ । जिल्लाका कुनैपनि मतदान केन्द्रमा समस्या नभएको र शान्तिपूर्ण ढंगले सम्पन्न भएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेले जानकारी दिए । तर, शान्तिपूर्ण मतदान भएपनि मतदाताहरुमा उत्साह भने नदेखिएको हो । स्थानीय तह निर्वाचनमा जस्तो मतदाताहरुमा मतदानका लागि उत्साहपूर्ण सहभागिता नरहेको पाइएको छ । स्थानीय तह निर्वाचनमा खसेको मतभन्दा धेरै कम मत आइतबार भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा खसेको छ । हेटौंडा उपमहानगरपालिका-३, स्थिा महेन्द्र किरण मतदान केन्द्रमा गत ३० वैशाखमा भएको निर्वाचनमा ३ हजार ३ सउ ७५ मत खसेको थियो । तर, आइतबार भएको निर्वाचनमा ३ हजार १ सय मात्रै मत खसेको छ ।

महेन्द्र किरण मतदान केन्द्रमा खसेको मतको अवस्था एक उदाहरण मात्रै हो । तर, जिल्लास्थित अधिकांश वडाहरुमा स्थानीय तहमा खसेको मत प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा खसेको छैन् । २०७४ को निर्वाचनमा जिल्लाभर बाट करिब ६५ प्रतिशत मत खसेको थियो । त्यसको पाँच वर्षपछि करिब ६० प्रतिशतको हाराहारीमा मत खसेको छ । विगतकै निर्वाचनलाई तुलना गर्दा करिब पाँच प्रतिशत मत किन खसेन् ? यो प्रश्न अहिले



मकवानपुरभर चर्चाको विषय बनेको छ । साझाकुराले मतदानमा किन उत्साहजनक हुन सकेन् भनेर करिब २० जनासँग कुराकारी गरेको थियो ।

जसमध्ये अधिकांशले पुराना राजनीतिक दल र पुरानै नेताप्रति मतदातामा देखिएको वितृष्णा कारण रहेको प्रतिक्रिया दिएका थिए । मुलुकमा राजनीतिक परिवर्तनहरु भएपनि राजनीतिक दलहरुले विकास र जनताप्रति अपेक्षाअनुसारको काम नगरेपछि मतदाता निराश बनेको उनीहरुले प्रतिक्रिया दिएका थिए । जनसंख्या बढेर मतदाताहरुको संख्यासमेत वृद्धि भएको अवस्थामा मत बढ्नु पर्ने तर झन कम कसरी भयो ? मकवानपुरगढी गाउँपालिका-५ का उज्वल देवकोटा प्रश्न गर्छन् । हेटौंडा-६ निवासी स्वास्थ्यकर्मीसमेत रहेका उत्सव चौलागाई पुराना राजनीतिक दल र पुरानै नेताहरुको कारण मतदातामा वितृष्णा देखिएको बताउँछन् । उनले विगतका निर्वाचनमा जनतामाझ गरेको प्रतिबद्धता पूरा नगरेका कारण मतदातामा वितृष्णा देखिएको बताए ।

मकवानपुरको दुई वटा प्रतिनिधिसभा र ४ वटा प्रदेशसभा निर्वाचन क्षेत्रमा राजनीतिक दल र स्वतन्त्र गरी ६० जना भन्दा बढी उम्मेदवार प्रतिस्पर्धाको मैदानमा छन् । मकवानपुरमा ३ लाख ७ हजार ३३ मतदाता छन् । जसमा १ लाख ५३ हजार ५ सय २८ पुरुष, १ लाख ४७ हजार २ सय महिला र अन्य ५ जना छन् । तर, कुल मतदाताको आधाले मात्रै मतदान गरेका हुन् ।

जनतामा देखिएको वितृष्णा ब्यालेटमा देखिएको छ । मतदानको समय ७ बजेदेखि साँझ ५ बजेसम्म तोकिएको थियो । जसमा स्थानीय तहमा जस्तो मतदाताहरुको लाइन थिएन् । जिल्लाका थुप्रै मतदान केन्द्रहरुमा मतदाताको बाक्लो लाइन देख्न नसकिएको हो । 'स्थानीय तह निर्वाचनमा मतदाताहरुमा अत्यन्तै उत्साहजनक सहभागिता थियो । मतदाताहरु तछाडमछाड गरेर मत हाल्न लाइनमा देखिनुहुन्थ्यो । तर, यस निर्वाचनमा मैले त्यो देखिन । मतदाताहरुको बाक्लो लाइन पनि थिएन् । अर्थात् किन भोट हाल्न जानु भनेजस्तो देखियो,' काठमाडौंबाट मतदानकै लागि मकवानपुर आएका रुपचन्द्र महर्जनले भने । उनले भोट हालेर के नै हुँदोरहेछ भन्ने विचार मतदातामा देखिएको उनी बताउँछन् ।

सचेत र शिक्षित मतदाता रहेको भनिएको हेटौंडाले पनि वितृष्णा देखाएको पाइएको छ । हेटौंडाकै धेरै मतदाता रहेका वडाहरुमा चुनावी चहल पहल थिएन । 'मतदातामा चुनावी रौनक थिएन । मतदाताभन्दा दलका रमिते बढी थिए । 'बिहानदेखि नै खाली थियो, साँझसम्म पनि खालै नै देख्छु । स्थानीय तह निर्वाचनमा लाइन एकछिन टुटेको थिएन,' हेटौंडा-५ की दुर्गा चौलागाईंले भनिन् । सुरक्षाकर्मीहरुलाई समेत व्यवस्थापनमा कठिनाई नहुने गरी मतदान सकिएको प्रहरीहरुले प्रतिक्रिया दिएका छन् । हेटौंडा-५, स्थित बालज्योति माविमा सुरक्षामा खटिएका प्रहरीहरु फुर्सदले बसिरहेका देखिन्थे । दुई जना म्यादी प्रहरीले नै लाइनमा रहेका मतदाताहरुलाई व्यवस्थापन गरिरहेको थिए । यसर्थमा पनि सुरक्षाकर्मीहरुलाई व्यवस्थापनमा सहज भएको बुझ्न सकिन्छ ।

'नागरिहरुमा भोट हाल्ने चासो देखिएन् । मकवानपुरमा करिब ७० प्रतिशत मत खस्नु पर्थ्यो । यतिधेरै मतदान केन्द्र थिए । विकट ठाउँहरुमा पनि मतदान केन्द्रहरु थिए । मतदानको लागि सहज पहुँच थियो । तर पनि मत सोचेअनुसार नखस्नु भनेको नागरिकहरु सन्तुष्ट छैनन् भन्ने देखिनु हो,' शिक्षक अनिल धमला सुनाउँछन् । 'राजनीतिक पार्टीप्रति वितृष्णा छ । समस्यै समस्याले ग्रस्त छ जिल्लादेखि गाउँसम्म । नेताहरुकै आसेपासेको हालीमुहालीले पनि जनता निराश भएका हुन् । नेताका पछि लाग्नेहरु रातारात धनाढ्य बनेकै कारण जनता निराश भएको भन्छु म । दिनभर लाइनमा बसेर भोट हालेर जितायो । लुट्ने १० वर्षलाई पुग्ने काम गर्ने अनि ५ वर्षमा मुख देखाएर जनताले कसरी विश्वास गरुन्,' श्याम तिमल्सिनाले दु:खेसो पोखे ।

मत कम खस्नुमा यातायातको सुविधा नहुनु पनि कारणहरुमध्ये एक हो । स्थानीय क्षेत्रमा बसोबास गर्ने मतदाताले मतदान गर्न रुचि देखाए पनि सो क्षेत्रभन्दा बाहिर बसोबास गरिरहेकाहरुले मतदानमा रुचि नदेखाएको पाइएको छ । जिल्लाबाहिर काममा गएका मतदाताहरु पनि मतदानकै लागि नफर्किएको पाइएको हो । 'स्थानीय तहको निर्वाचनमा आफ्नै गाउँठाउँका आफन्त, चिनजान उठ्ने भएकाले सबै जना गाउँ आउने गरेका थिए । अहिलेको चुनावमा स्थानीय तहमा जस्तो समन्वय भएको देखिँदैन् । त्यसैले पनि मत कम खसेको हो,' विष्णु सिलवाल बताउँछन् ।

# मकवानपुरमा भोट हाल्ने एक लाख ७८ हजार जना मात्रै



साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ मकवानपुरमा रहेका १ सय ६७ वटा मतदान स्थलबाट कुल मतदातामध्ये आधा मतदाताहरुले मात्रै भोट हालेका छन् ।

मकवानपुरमा शान्तिपूर्ण तवरमा आमनिर्वाचन-२०७९ को मतदान सकिए पनि विगतको निर्वाचनमा भन्दा मतदान गर्नेहरुको संख्या घटेको हो । देशका विभिन्न मतदान केन्द्रहरुमा तोडफोड, आगजनीलगायतका घटना भएपनि मकवानपुरका शान्तिपूर्ण मतदान भएको हो ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेले मकवानपुरमा शान्तिपूर्ण ढंगबाट मतदान प्रक्रिया सम्पन्न भएको जानकारी दिए । उनले मतदान केन्द्रमा कुनै प्रकारको घटना हुन नदिएको बताए । आइतबार बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म जारी मतदान प्रक्रियामा जिल्लाका कुल मतदातामध्ये आधा भन्दा बढीले मतदान गरेका छन् । मकवानपुरका मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले ५९ प्रतिशत मत खसेको जानकारी दिए । २०७४ को निर्वाचनमा मकवानपुरबाट ६५ प्रतिशत खसेको थियो ।

मकवानपुरमा ३ लाख ७ हजार ३३ मतदाता छन् । जसमा १ लाख ५३ हजार ५ सय २८ पुरुष, १ लाख ४७ हजार २ सय महिला र अन्य ५ जना छन् । तर, कुल मतदाताको आधाले मात्रै मतदान गरेका हुन् । यसवर्षका निर्वाचनमा मतदाता संख्या बढेपनि जिल्लामा पाँच वर्षपछि मत दिनेहरु ६ प्रतिशतले घटेका हुन् । आमनिर्वाचन-०७९ मा कुल एक लाख ७८ हजार २ सय ८२ जनाले मतदान गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ । जसमध्ये मतदान गर्नेमा पुरुष ९२ हजार ८ सय ७७ जना, महिला ८५ हजार ४ सय जना र अन्य ५ जना रहेका छन् ।

मकवानपुरको दुई वटा प्रतिनिधिसभा र ४ वटा प्रदेशसभा निर्वाचन क्षेत्रमा राजनीतिक दल र स्वतन्त्र गरी ६० जना भन्दा बढी उम्मेदवार प्रतिस्पर्धाको मैदानमा थिए । मतदान सकिएसँगै जिल्लाका सबै मतदान केन्द्रबाट मतगणनाका लागि मतपेटिकाहरु सदरमुकाम हेटौंडा ल्याइएको छ । मतगणना हेटौंडा-२, स्थित सिदार्थ माविबाट गरिँदैछ ।

मतगणना स्थलमा तार जाली र सिसिक्यामेरा जडान गरेर मतगणनाका लागि तयारी अवस्थामा राखिएको छ । स्थानीय तह निर्वाचन अन्तर्गत् हेटौंडा उपमहानगरको पनि सिदार्थ माविबाटै गरिएको थियो ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर:
९८४५०२७०६४/९८५५०६८०३८

# जो परिर्वतनको लागि भोट हाल्न पुगे...

साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/एउटा हातले लौरो टेकेका ८७ वर्षीय वृद्धलाई डोहोर्याउदै थिइन्, एक वृद्धा । उनीहरुलाई देख्ने बितिक्कै वरिपरिका मान्छेहरु यता आउनुहोस् यता भनेर बोलाउदै थिए । हिड्न मुस्किल परिरहेको उनीहरु अकमक्क परेको देखिन्थे । यो दृश्य, आईतबार बिहान करिव ११ बजेतीर हेटौंडा-३ बसामाडिस्थित महेन्द्रकिरण मावीमा देखिएको हो । एउटा हातले लौरो टेकेका ८७वर्षिय वृद्धलाई डोहोर्याएर ल्याउने थिइन्,उनको ६७ वर्षिया श्रीमति ।

दुई दम्पती विद्यालयको गेटबाट भित्र छिर्नासाथ मतदानमा खटिएका कर्मचारीहरु यता यता भनेर बोलाउदै थिए । तर, लौरो टेकेर आएका वृद्ध राम्ररी हिड्न सकिरहेका थिएनन् । उनलाई लौरासँगै आफ्नो हातले भरोसा दिइरहेकी उनकी श्रीमति सुस्केरा मार्दै हिड्दै थिइन् । उनीहरु भोट हाल्नको लागि आधा घण्टा हिडेर



आएका थिए । यसरी कतिपटक भोट हालियो भन्ने यी दम्पतीलाई याद छैन । 'भोट त पहिलेदेखी अहिलेसम्म कति हालियो थाहै छैन', एउटा हातले घाम छेक्दै वृद्धाले भनिन् ।

भोट हालेर आफ्नो जीवनमा हालसम्म कुनै परिवर्तन नआएपनि अब केहि परिवर्तन आउछ कि भन्ने आश भएको उनले बताइन् । यो पटकको भोटले केहि परिर्वतन ल्याउने विश्वास लिएको उनी बताउँछिन् । 'अहिलेसम्म जितेका नेताहरुले केहि गरेका त छैनन् । अधिकारको लागि भन्यो भोट हाल्यो', उनले गुनासो गरिन् । अब चुनाव जित्ने नेताहरुले आफूहरु जस्तो दुखी गरिवको लागि काम गर्दिए हुन्थ्यो भन्ने अपेक्षा रहेको उनले सुनाइन् । हेटौंडा-३ लेवटमा डेरामा बस्दै आएका यी दम्पतीको छोराहरु काठमाडौं बस्छन् ।

१८ वर्षअघि श्रीमान बिरामी परेपछि घरजग्गा सबै बेच्नु परेको उनले बताइन् । त्यो बेलादेखी आफूहरु भाडामा बस्दै आएको उनको भनाई छ । 'उहाँ बिरामी हुनुहुन्छ । औषधी पनि खाईरहनुपर्छ । आउने बाटो छैन, त्यही भएर म बालुवा चाल्ने काम गर्छु',उनले भनिन् 'श्रीमानको वृद्धभत्ता पनि आउँछ र खान लाउन पुग्छ ।' ७ वर्षदेखी उनले बालुवा चाल्ने काम गर्दै आएकी छिन् ।

# करेन्ट लागेर एकजनाको ज्यान गयो

हेटौंडा, ४ मंसिर/करेन्ट लागेर हेटौंडामा एकजनाको ज्यान गएको छ ।

आईतबार बाँके जिल्ला पैजापुर गाँउपालिका ४ घर भई हाल हेटौंडा-१४ स्थित मकवानपुर कन्ट्रक्सन प्रालिमा मजदुरी गर्ने ३० वर्षीय ओमप्रकाश थारुको करेन्ट लागेर मृत्यु भएको हो ।

कन्ट्रक्सनमा मोटर लगाइ ईनार खन्ने क्रममा अचानक विद्युत सर्ट हुँदा बेहोस भएका थारुलाई उपचारका लागि हेटौंडा अस्पताल पुर्याइएको थियो । उपचारका क्रममा उनलाई १ बजेर ३६ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको मकवानपुर प्रहरीले जनाएको छ ।

# विश्वकपको उदघाटन खेलमा आयोजक कतार पराजित

काठमाडौं, ५ मंसिर, आयोजक कतार विश्वकप फुटबलको उदघाटन खेलमा पराजित भएको छ । कतार इक्वेडरसँग २-० ले पराजित भएको छ । इक्वेडरलाई जिताउन दुवै गोल इनर भ्यालेन्सियाले गरे ।

१६ औं मिनेटमा पेनाल्टी मार्फत पहिलो गोल गरेका उनले ३१ औं मिनेटमा अग्रता दोब्बर पारे ।

कतारका प्रशिक्षक फेलिक्स साञ्चेजले ६ महिना लामो तयारी गरेको भए पनि कतारले त्यो तयारीको नतिजा निकाल्न सकेन । कतारका खेलाडी आफ्नै घरेलु मैदानमा नर्भस देखिए ।




अफ्रिकी कप अफ नेसन्स च्याम्पियन सेनेगेल र युरोपको शक्तिशाली नेदरल्याण्ड्स रहेको समूहमा परेको कतारलाई इक्वेडरसँगको खेल सहज मानिएको थियो । तर कतारले आशा गरे अनुसार खेल्न सकेन ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# रोमाञ्चक नतिजाको पर्खाइ

आइतबार देशभर एकै पटक भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन-२०७९ को मतदान सकिएको छ । मकवानपुरमा ६० भन्दा बढी उम्मेदवारलाई भोट दिन १ सय ६७ वटा मतदान स्थलबाट ३ लाख ७ हजार बढी मतदाता तयार थिए । तर, भोट कुल मतदाता संख्याको ५९ प्रतिशत अर्थात एक लाख ७८ हजार जना मतदाताले मात्रै मत दिए । यो मत दिनेहरुको संख्या २०७४ को निर्वाचनमा भन्दा ६ प्रतिशतले कम हो । पाँच वर्षपछि भएको आमनिर्वाचनमा मतदाताहरुको संख्या हजारौंले बढेको थियो । तर, पनि मतदानमा कसरी कमी हुन पुग्यो ? अहिले चर्चामा यही प्रश्न छ । मतदान कम हुनुमा राजनीतिक दलप्रतिको वितृष्णादेखि विभिन्न घटना बारे बहस चलिरहेको छ । मकवानपुरमा मात्र हैन, देशभर नै मतदानको प्रतिशत घटेको छ । निर्वाचन आयोगले ७० प्रतिशत भन्दा बढी मतदान हुने अपेक्षा गरेको थियो । तर, देशभर ६१ प्रतिशत मात्रै मत खसेको निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आइतबार पत्रकार सम्मेलनमा भने । पुरानै दल र पुरानै नेताहरुप्रति मतदातामा देखिएको वितृष्णाकै कारण मत कम खसेको विश्लेषण भइरहेको छ । मकवानपुरमा मतदान सकिएसँगै हेटौंडामा मतपेटिकाहरु ल्याएर मतगणनाको तयारी भइरहेको छ । प्राप्त जानकारीअनुसार आइतबार रातीसम्म मतपेटिकाहरु ल्याएर सोमबार बिहानदेखि मतगणना जारी राख्ने तयारी मुख्य निर्वाचन अधिकृतको कार्यालय मकवानपुरको छ ।

मतदान सकिएसँगै आमनागरिकमा नतिजाको बेग्र प्रतिक्षा छ । निर्वाचनको परिणाम कस्तो आउला ? कुल पार्टीले बहुमत वा कुन पार्टी राष्ट्रिय पार्टी बन्नबाट रोकिएला भन्ने कौतुहलता मतदातमा देखिएको छ । तर, विश्लेषण भइरहेकोअनुसार विगतका निर्वाचनका मतपरिणामअनुसार यसवर्षको नतिजा केही फरक हुने देखिएको छ । देशमा नयाँ पार्टी राष्ट्रिय स्वतन्त्र पार्टीको उदय हुने विश्लेषण भइरहेको छ । पत्रकारितामा ख्याती कमाएका रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीले प्रत्यक्ष र समानुतिकतर्फ सोचेभन्दा फरक तरिकाको नतिजा ल्याउने चर्चा भइरहेको छ । उक्त चर्चा सत्यमा बदलिन अन्तिम मतपरिणाम कुर्नुको विकल्प भने छैन् । तर, मतदान अन्तिम चरणमा पुगेसँगै देशभर राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिकमा अत्याधिक मत ल्याउने चर्चा सुरु भएको थियो । समानुपातिकमा धेरैले राष्ट्रिय स्वतन्त्र पार्टीलाई मत दिएको बताएसँगै उक्त चर्चा सामाजिक सञ्जालहरुमा सुरु भएको हो । यसर्थ, राष्ट्रिय स्वतन्त्र पार्टीले अनपेक्षित नतिजा ल्याउने देखिन्छ । प्रत्यक्षतर्फ पनि करिब १० सिट राष्ट्रिय स्वतन्त्र पार्टीले ल्याउने विश्लेषण भइरहेको छ । करिब ५ महिना अघि राजनीतिमा प्रकट भएको उक्त नयाँ पार्टीले यति छोटो समयमै अनपेक्षित नतिजा ल्याउनुको पछाडि पुराना राजनीतिक दलहरुका लागि ठूलो संकट हुने देखिन्छ । राष्ट्रिय स्वतन्त्र पार्टी मात्र नभई राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपाको पनि यस निर्वाचनबाट पुनरोदय हुने चर्चा छ । अर्थात, संसदमा बढी सिट ठूला राजनीतिक दलको आएपनि अर्थपूर्ण सहभागिता भने राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपाको हुने विश्लेषण भइरहेको छ । जसकारण पनि आइतबारबाट हुने मतगणना रोमाञ्चक मोडमा छ । निर्वाचनको रोचक नतिजाको पर्खाइमा आमनागरिक रहेका छन् । निर्वाचनबाटै नागरिकको निर्णय देखिने भएकाले पलपलको खबर उनीहरुले चाहिरहेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर ६ गते मंगलबार २२ नोभेम्बर २०२२ । मंसिर कृष्णपक्ष त्रयोदशी । क्छलागा ११४३ ने.सं. । सूर्योदय ६:३१, सूर्यास्त ५:७ । बालाचतुदर्शी, पशुपतिनाथ शिवालयमा मेला

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : रमाइलोमा दिन बित्नेछ | **तुला** | : मन खिन्न हुनेछ |
| **वृष** | : जोश जागर आउनेछ | **वृश्चिक** | : शरीरमा स्फुर्ती बढ्नेछ |
| **मिथुन** | : समयले साथ दिनेछ | **धनु** | : घरायसी मेलमिलाप हुनेछ |
| **कर्कट** | : राम्रो समाचार सुन्न पाइनेछ | **मकर** | : पढाइलेखाइमा सफलता मिल्नेछ |
| **सिंह** | : शुभ नतिजा आउनेछ | **कुम्भ** | : घरेलु समस्याले सताउनेछ |
| **कन्या** | : दिन रमाइलो हुनेछ | **मीन** | : आफन्तले धोका दिन सक्नेछन् |

# के हाम्रा नेताले दक्षिण कोरियाली राष्ट्रपतिले झैं प्रण गर्लान् ?



शिवजी श्रेष्ठ

आउने साताको पहिलो दिन विश्वकप फुटबल सुरू हुन लागेको छ । यही बेलामा बिबिसीका विश्व संवाददाता रजिनी वैद्यनाथनले नेपालको धनुषा पुगेर गरेको तयार गरेको स्थलगत समाचार प्रसारण भएको छ । बिबिसीले प्रमुखताका साथ प्रसारण गरेको उक्त समाचारमा विश्वकप आयोजना गर्न तयार अत्याधुनिक रंगशाला बनाउने क्रममा नेपाल, भारत र बंगलादेशका हजारौं कामदार दुर्घटनामा परेर मरेको वा घाइते भएको घटना प्रस्तुत गरिएको छ ।

समाचारमा कतारमा रंगशाला बनाउँदै गर्दा दुर्घटनामा परेर मरेका नेपालीको शव बाकसमा फर्काएर एक वर्ष पनि नपुगेका नातिले वृद्ध बाजेको काखमा बसेर दागबत्ती दिँदै गरेको फदयविदारक दृश्य देखिन्छ । ती दृश्य हेर्दै गर्दा मैले हाम्रा पूर्वप्रधानमन्त्री लगायतका नेताहरूले फ्री भिसा र फ्री टिकटमा खाडी मुलुक र मलेसिया पठाइदिन्छु भनेर चुनावी सभाका दिएका मौसमी आश्वासन सम्झिएँ । परदेश बसेर आफ्नै देशको यस्तो समाचार हेर्दै गर्दा ठूलो पीडा महसुस गर्दै थिएँ । त्यतिखेर मनमा एउटा कुतूहल जाग्यो- वर्षौं ठाउँ ओगटेका र फेरि पनि प्रधानमन्त्री हुन लालायित यी हाम्रा नेताहरूले यो समाचार हेर्न भ्याए कि भ्याएनन् होला !

अर्थात्, चुनावमा गाली गर्न र ताली खान व्यस्त नेताहरूले उक्त समाचार हेर्न नपाए पनि तिनका वरपर रहने सहयोगीमध्येका कसैले हेरेर सुनाउन पाए कि पाएनन् होला! विश्वकप फुटबलको संघारमा आयोजक मुलुक कतार विवादमा छ । मुख्य विवाद उही हो, रंगशाला बनाउँदा कामदारमाथि भएको शोषण र दुर्घटनामा परेर मृत्यु भएका कामदारका परिवारले पाउनु पर्ने क्षतिपूर्ति वा घाइते भएकाले पाउनु पर्ने उपचार वा अन्य सुविधा नपाएको विषय ।

यसमा धेरै प्रश्न उठेको छ । रंगशाला निर्माणको काम गर्दा घाइते भएर वा मरेर पनि क्षतिपूर्ति नपाएका पीडितहरूको पीडाको कुरा सम्बन्धित मुलुकले होइन कि, विश्वकप खेलाडीका मुलुकले पो उठाइदिएका छन् । यता चुनावको मौकामा जनतालाई खाडी र मलेसिया पठाउने आश्वासन दिन नेताहरूलाई कुनै धक लागेको छैन । सायद आउने साताको पहिलो दिन हुने संसदीय निर्वाचनमा विकल्पहीन जनता तिनै नेतालाई देश हाँक्ने अख्तियारी दिएर फेरि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल जानेछन् ।गएको दीपावलीका अवसरमा एक जना भारतीय मित्रले बेलायती प्रधानमन्त्री ऋषि सुनकको प्रसंग जोडेर गौरवका साथ भनेका थिए- हेर शिवजी, संसारका सात मुलुकमा भारतीय मूलका नेता शासन गर्दै छन् ।

बिबिसीको उक्त समाचार हेर्दै गर्दा भारतीय मित्रको कुरा सम्झेँ । बिबिसीको समाचारमा कतारमा मर्ने र घाइते हुने कामदार पठाउने मुलुकमा नेपाल र बंगलादेशसँगै भारतको नाम पनि थियो । परदेश गएका नेपालीहरू कुनै न कुनै रूपमा शोषित-पीडित छन्, दुई सय वर्षअघिदेखि सैनिक बनेर बेलायत र भारतका लागि लड्ने गोर्खाली होऊन् वा खाडी र मलेसियाको गर्मीमा पाक्दै गरेका श्रमिक वा भारतको कालापानीबाट स्वदेश फर्किंदै गर्दा सिमानामा ठगिनेहरू होऊन् ।

केही दिनअघि एउटा कार्यक्रममा पूर्वब्रिटिस गोर्खा सैनिकहरूलाई बेलायती सेनासरह सुविधा र हक हुनु पर्ने मागमा ब्रिटिस सरकारसँग वार्ता गर्नेमध्येका सेवानिवृत्त एक जना गोर्खा मेजरको कुरा सुन्न पाएँ ।उनले हालसम्मको वार्ता प्रगति सुनाउने क्रममा गोर्खालीहरू कतिसम्म ठगिएका छन् भन्ने फेहरिस्त पनि सुनाए । उनको कुरा सुन्दै गर्दा पनि मैले फ्री भिसा र फ्री टिकटमा खाडी मुलुक पठाउने भनेर नेताहरूले दिएको आश्वासन सम्झेँ ।

केही महिनाअघि भारतीय सेनापति नेपाल आउँदा नेपालबाट भारतीय सेनामा जाने गोर्खाहरूलाई लागू हुने भविष्यहीन ‘अग्निपथ’ मोडलको कुरा गरे । यसबारेमा हाम्रा नेताहरू चुँइक्क बोल्न नसकेको पनि मैले सम्झेँ । हाम्रो सरकार बेलायती र भारतीय सेनामा नेपालीको भर्ती रोक्न सक्दैन र भर्ती हुनेको भविष्यको सुरक्षाका लागि बोल्न पनि सक्दैन ।

नेपालका कुनाकाप्चामा पुगेर खाडीमा पीडित नेपालीहरूको खोज गरेर समाचार दिँदै गरेका बिबिसी संवाददातालाई सोध्न मन लागेको थियो- त्यति टाढा पुगेर नेपालीको हकअधिकारका लागि समाचार बनाउने संवाददाताहरू बेलायतका लागि जवानी र रगत दिने गोर्खाहरूले बुढेसकालमा गरेको आन्दोलनबारे किन खोजी गर्दैनन् ? विश्वकप फुटबलको प्रसंग भएकाले होला, बिबिसीले नेपालसम्बन्धी आफ्नो रिपोर्ट कतारमा अति आधुनिक रंगशाला बनाउन आफ्नो श्रम दिनेहरूको गाउँमा घाँसे मैदानमा फुटबल खेल्दै गरेको दृश्यबाट सुरू गरेको थियो ।

करिब एक दशकअघि तत्कालीन राष्ट्रपति डा. रामवरण यादव कतार भ्रमणमा जाँदा कतार सरकार उनलाई रातो कार्पेटमा स्वागत गर्दै थियो । त्यही समय नेपाल फर्किन लागेका नेपाली कामदारहरू मालिकले दिएको फलफूल लगेजमा राख्ने तयारी गर्दा कतारी एयरपोर्टका भारतीय स्टाफले हिन्दी भाषामा गरेको अपमानजनक गाली सुन्दै थिए ।

नेताहरूले गाउँठाउँ बाँझो राखेर अर्काको देश हराभरा बनाउन बाध्य श्रमिकलाई विदेश पठाउने आश्वासन दिएको सुन्दा कतारमा देखिएका ती दृश्यहरू सम्झिन्छु । १०४ वर्षअघि ११ नोभेम्बरमा प्रथम विश्वयुद्ध टुंगिएको दिनको सम्झनामा गत आइतबार बेलायतभरि ‘रिमेम्बरेन्स डे’ मनाइयो । इतिहास कोट्याएर हेर्दा थाहा हुन्छ, प्रथम विश्व युद्धमा नेपालले ९ लाख १७ हजार १४४ जवान रिक्रुटको रूपमा भर्ती गर्न दिएको रहेछ, १२ हजार २५८ नेपाली सैनिक ब्रिटिसको मद्दतका लागि पठाएको रहेछ ।

त्योभन्दा गज्जबको कुरा चाहिँ त्यस बखत नेपाल सरकारले बेलायती सरकारलाई नेपालमा नै बनेका ३१ वटा मेसिन गनसहित वर्कसपमा हतियार बनाउन ३४० जना मेकानिक्स पनि पठाइदिएको रहेछ ।अझ त्योभन्दा पनि स्मरणीय कुरा, नेपालले लडाइँका लागि ८४ हजार ६९९ पाउन्ड चियापत्ती, ८ हजार १२२ थान कम्बल (राडीपाखी), २०० वटा ज्याकेट, १ हजार २०० थान ओभरकोट, ७८ टन दालचिनी र शरद दुनको जंगलबाट २ लाख ठूलो ‘ब्रडगरेज स्लिपर’ पठाएको रहेछ ।

सय वर्षअघि राणाकालमै ब्रिटिसलाई समेत यति सहयोग गर्न सक्ने हैसियतको नेपालका युवाहरू अहिले बाँच्नको लागि परदेश भासिनु पर्ने अवस्थामा छन् । विदेश भ्रमणमा जाने नेपालका सरकार प्रमुख वा अन्य नेताहरूले विदेशमा रहेका नेपालीहरूको हविगत नजिकबाट देखेका हुन्छन् । नेताहरू देखेर पनि बिर्सिन्छन् वा बेवास्ता गर्छन्, संवेदनशील विषय छ ।

कृष्णप्रसाद भट्टराई दोस्रो पटक प्रधानमन्त्री भएपछिको एउटा घटना अफ्ना निकटस्थलाई सुनाएका रहेछन् । भट्टराई सन् १९९९ अक्टोबरमा अमेरिका भ्रमणबाट स्वदेश फर्कने क्रममा जर्मनीको फ्रान्कफर्ट पुगेका रहेछन् । फ्रान्कफर्ट एयरपोर्टमा एकजना नेपालीले नमस्कार गर्दै आफ्नो कुरा भनेछन्- प्रधानमन्त्रीज्यू जर्मनी आएर साह्रै दु:ख पाएँ, कुनै राम्रो जागिरका लागि भनिदिनु पर्‍यो ।

भाईले छक्क पर्दै सोधेछन् तिमीले मलाई कसरी देख्यौ बाबु ? ती नेपालीले भनेछन् यहाँ सिसा पुछ्दै थिएँ, हजुर आउनुभएको देखेर आएँ । भट्टराईले जर्मनीका लागि कार्यवाहक नेपाली राजदूतलाई भनेछन् यी बाबुलाई राम्रो सहयोग गरिदिनू । सन् १९६४ डिसेम्बर १० मा दक्षिण कोरियाका तत्कालीन राष्ट्रपति पार्क चुङ ही र प्रथम महिला युक योङ सु जर्मनीको भ्रमणमा गएका थिए । जसै राष्ट्रपति पार्कले जर्मनीको डुइसबर्ग सहरको सिटी हलमा उपस्थित ४०० जना कोरियालीलाई सम्बोधन गर्न थाले, माहौल अर्कै भयो ।

पार्कले आफ्नो सम्बोधनमा भनेछन् तपाईंहरूको थकित अनुहार देखेर म विह्वल भएको छु । हजार मिटर तल सुरुङमा पसेर कोइला निकाल्दा तपाईंहरू धेरै खतरामा पर्नुहुन्छ । यो सबै हाम्रो गरिबीको कारणले भएको हो । अब यसरी हुँदैन, हामीले हाम्रो भागबाट देशको लागि गर्नु पर्ने गरौं ताकि नयाँ पुस्ताले हामीले जस्तो भोग्न नपरोस् । म यहीँबाट त्यसका लागि केही गर्ने प्रण गर्छु । राष्ट्रपतिले यसो भन्नेबित्तिकै त्यहाँ उपस्थित कोरियाली कामदार र नर्सहरू भक्कानिएर रून थालेछन् । त्यो दृश्य देखेर राष्ट्रपति पार्क र प्रथम महिला युक पनि सुँक्कसुँक्क गरेछन् । कार्यक्रम सकेर निस्कन लागेका राष्ट्रपतिलाई ती कोरियालीहरूले केही बेर आफूहरूसँग बिताउन आग्रह गरेछन् ।

त्यसै बेला एकजना नर्सले रूँदै राष्ट्रपतिलाई भनिछन् हामी देश र परिवारबाट धेरै टाढा छौं, होम-सिकले धेरै सताउँछ, हामी स्वदेश फर्कने वातावरण बनाइदिनुहोस् । राष्ट्रपतिले म देशलाई विकासको बाटोमा हिडाउछु भन्दै ती नर्सलाई अँगालो हालेका थिए रे । भनिन्छ, त्यही भ्रमणपछि नै पार्कले कोरियाको विकासको चित्र कोरे । डेढ सय वर्षअघि युरोपेली औद्योगिक क्रान्तिको समयमा कामदार बनेर जर्मनी छिरेका कोरियालीहरूलाई समृद्धिको बाटो देखाए । सन् १९६० ताका उस्तै आर्थिक अवस्थामा रहेका नेपाल र दक्षिण कोरिया अहिले आपसमा दाँज्न नमिल्ने अवस्थामा छन् । दक्षिण कोरिया अहिले संसारका २० वटा आर्थिक शक्तिशाली देशमध्ये एक भएको छ । राष्ट्रपति र प्रथम महिलाले परदेशमा आफ्ना नागरिकको आँसु देखेर गरेको अठोटले दक्षिण कोरिया कहाँबाट पुगिसक्यो ! नेपाली नेताहरू अझै फ्री भिसा र फ्री टिकटमा विदेश पठाउने आश्वासन दिँदै छन् ।

आज विश्व कप फुटबलको संघारमा बिबिसीले नेपाली कामदारहरूबारे गरेको खोजमूलक समाचार हेर्ने कुन नेपालीको मनमा चैन होला र! यो समाचार हेरेर ‘वित हुँदै प्रण गर्ने सरकार प्रमुख हामी नेपालीले पाऔंला नि नपाऔंला’ हाम्रा नेताहरूले चुनावको संघारमा धनुषाको गाउँबाट बिबिसीले बनाएको उक्त खोजमूलक समाचार हेरून् र दक्षिण कोरियाका ती राष्ट्रपति पार्कले झैं एउटा प्रण गरून् । के हामी हाम्रा नेताहरूबाट यस्तो अपेक्षा गर्न सक्छौं ?

(श्रेष्ठ नेपाल प्रहरीका पूर्वप्रहरी अधिकृत हुन् । उनी हाल ब्रिटिस प्रहरीको ह्याम्प्सायर पुलि कन्स्टेबुलरीका सल्लाहकार छन् ।)

*साभार: सेतोपाटी*

# किन बढ्दैछ नेपालमा यौन अपराध ?

रीता भण्डारी



‘हाम्रो इच्छा विपरीत: पुरुष,महिला र बलात्कार’ सुसान ब्राउनमिलरले १९७५ मा लेखेको किताब हो यो । यसमा लेखकले बलात्कार भनेको पुरुषले शक्तिको आडमा धम्की दिने एक सचेत प्रक्रिया हो र यसका लागि सबै पुरुषहरूले महिलाहरूलाई डरको अवस्थामा राख्छन् भन्ने जिकिर छ । त्यसकारण कुनै पनि समाजमा नागरिकको सुरक्षाको प्रश्न उठ्नु समस्या हो । आफूलाई नपरेसम्म त्यो समस्यालाई समस्या नमान्नु अर्को ठुलो समस्या हो ।

केही समय पहिले खुलासा भएको एक ब्यूटी पेजेन्ट सहभागीको बलात्कार र जबर जस्ती गरेको घटनाले यो समस्या दूरदराजदेखि काठमाडौंमा समेत रहेको बुझ्न कठिन छैन । घटनामा परेको कसैले पनि छिटो न्याय नपाएमा घटनामा कमी आउँदैन बरु बढ्छ । र,विगतका केही वर्षपछि देखिएका घटना र छापिएका समाचारले यसलाई प्रमाणित गरेका छन् ।

नाबालिका वा महिलाको सुरक्षाका लागि भनेर खाली काठमाडौंलगायत सहरहरूमा मात्र न्यायको माग गर्ने प्रदर्शनले यो समस्याको समाधान हुँदैन । समाजमा महिला सशक्तिकरण र समाज रुपान्तरणको कुरा गर्नेहरू घटना घटाउन संलग्न भएको कुरा ब्यूटी पेजेन्टमा सहभागी हुनेबाट प्रष्टियो ।

यस्ता दु:खद उदाहरण बढ्दै जानुले समाजलाई असुरक्षित बनाउँछ । ब्यूटी पेजेण्ट भनेर नारी सशक्तिकरणको कुरा गर्नेबाट नै यस्ता घटना किन हुन्छन् ? फिल्म कलाकार संलग्न घटनामा पनि पीडितलाई झन् पीडित बनाएको कुरा सेलाएको छैन ।

केही हप्ता पहिला नेपाली खेलाडीसंग जोडिएको घटनामा अभियन्ताहरू नै मिडिया ट्रायलको बाटोमा होमिनुले समस्या बढाउँछ कि घटाउँछ ? यद्यपी दुबै घटनाका पीडक पुर्पक्षका लागि जेलमा छन् । सायदै यस्ता मिडिया ट्रायल गर्नुहुन्न भनेर चिन्तन भयो होला ।

सुदूरपश्चिममा घटेका निर्मला पन्त र भागिरथी भट्ट घटनादेखि अरु घटनाबाट समाजले पाठ सिक्नु पर्नेमा किन यस बारेमा समाजका अगुवा नै सचेत नभएको ?यो निकै चिन्ताको कुरा हो । बलात्कार र यौन दुर्व्यवहारका घटना छानबिनमा समय सीमितताको कुरा हटाएको विरोधमा उत्रिनेहरूबाट नै समाजका वास्तविक समस्या हुन् भनेर बुझ्ने बेला आइसकेको छ ।

नेपालमा गत आर्थिक वर्ष २०७८/७९ मा मात्र बलात्कारको तथ्याङ्क हेर्दा हाम्रो समाज कता जाँदैछ भन्ने कुराको लख काट्न गाह्रो छैन । तथ्याङ्कअनुसार बलात्कार विरुद्धको उजुरी मात्र २५३२,बलातकार गर्ने प्रयासको उजुरी ७३५,अप्राकृतिक सम्भोगका ३६ र बाल यौन दुर्व्यवहारको २८१ निवेदन थिए । आर्थिक वर्ष २०७६/७७ मा बलात्कार विरुद्धको उजुरी २२३० थियो । यी तथ्याङ्क हेर्दा बुझिन्छ कि नेपालमा यौन अपराध तीब्र रुपमा बढ्दो छ ।

तर कति जना अपराधी पक्राउ परेका छन् र कतिले न्याय पाए भन्ने तथ्याङ्क प्रहरीसंग छैन । राज्य नै घटना र प्रति घटनाका कुरामा सजग हुनु पर्ने हैन र ?यो प्रश्न प्रहरी प्रशासनको मात्र हो कि गृह मन्त्रालयको पनि ? अब यस्ता कुरामा पनि छलफलको आवश्यकता छ । पीडकले समय सीमामा तर्साउने र धम्की दिएकै कारण बलात्कार र यौन दुर्व्यवहारबाट बचेकाहरूलाई न्यायको ढोकामा पुग्नबाट रोकेको छ । कानुनका यस्ता क्षिद्रको प्रयोग गरेर अपराधीलाई सुरक्षित रहन दिनु समाज विरोधी काम हो । नेपालको राष्ट्रिय दण्ड संहिताको धारा २२९ (२) अनुसार बलात्कार गर्ने प्रयास,वैवाहिक बलातकार, बाल यौन दुर्व्यवहार र यस्तो अपराधको एक बर्ष पछि यौन उत्पीडन र त्यस्तो अपराधको आयोगको ज्ञानबाट तीन महिनाको म्याद समाप्त हुन्छ ।

यौन घटनामा प्रदेश सहितको आँकडा हेर्ने हो भने २०७८/७९ मा प्रदेश १ सबैभन्दा खराब अवस्थामा छ । यो प्रदेशमा ६०२ बलत्कार र १६७ यौन कार्य गर्न प्रयास गरेको तथ्याङ्कले देखाउँछ । बलात्कार गर्ने कार्यमा बागमती ५२७ (उपत्यकामा मात्र २२०), लुम्बिनी ४३८,मधेस ३७५,सुदूरपश्चिम २१६,गण्डकी २०९ र कर्णालीमा १५५ रहेको छ । त्यसै समयमा यौन कार्य गर्न प्रयास गरेको प्रदेश १ पछि बागमती १२८ (उपत्यकामा मात्र ४०), लुम्बिनी १३४, मधेस ११५, सुदूरपश्चिम ८९, गण्डकी ५६, कर्णाली ४६ देखिन्छ । सडक र संसद्को दबाबपछि पुलिसले कथित सौन्दर्य पेजन्ट आयोजकलाई पक्राउ गरेको छ । राष्ट्रिय दण्ड संहिताको सेक्शन २२९ (२) ले सहमति लिएर पनि १८ बर्ष भन्दा कम उमेरको किशोरीसँग यौन सम्बन्ध राख्ने कार्यलाई बलात्कारको रूपमा परिभाषित गर्दछ ।

धारा २१ फौजदारी संहिताको मार्शल बलात्कारको लागि अधिकतम एक वर्षको सजाय छ । वयस्क महिलाको बलात्कारको लागि सजाय सातदेखि दश बर्ष हो । यो कोड वैवाहिक बलात्कार र बलात्कारको बीचमा भिन्न छ,र वैवाहिक बलात्कार एक अपराध भन्दा कम छ भनेर स्थापित गर्न कोशिस गर्दछ । किनकि यसमा पति पनि अपराधीको रूपमा समावेश छ । कोडले अप्राकृतिक सेक्स परिभाषित गर्दैन ।

राष्ट्रिय दण्ड संहितामा यौन अपराधअन्तर्गत अध्यायले पीडितको उमेरमा आधारित विभिन्न सजाय प्रदान गर्दछ तर यौन दुर्व्यवहारको डिग्रीलाई बेवास्ता गर्दछ । सजायको यस आधारले पीडितहरूमाथिको अपराधको प्रभावलाई कम महत्त्व दिन्छ,अपराधीहरूलाई विश्वास दिलाउँछ कि उनीहरूको अपराध ठूलो कुरा होइन । हामीले अब बलात्कारका कारणबारे खोज्नै पर्छ । लैगिक हिंसाको मुख्य कारण अपराधी र पीडितबीच विवादास्पद शक्ति सम्बन्ध हो । नेपालको समाजको ढाँचा पुरुषवादी छ । न्यायमा महिलाको पहुँच कमजोर छ । न्याय प्रक्रिया ढिलो छ । समाजमा असुरक्षाका कारण कहिलेकाहीँ पीडितले ठिक रिपोर्ट गर्न अनिच्छुक हुनु,समाजमा पहुँचावालाको आधिपत्य हुनु नै चिन्ताको विषय हो ।

नेपालमा धेरै कानून संशोधन गर्न आवश्यक छ । सीमितताको कानुन सम्बन्धि हालको प्रावधानले बलात्कारबाट जोगिएकाहरूको मानसिक आघातलाई सहयोग गर्दैन । केस फाइल गर्न केही समय लिने जस्ता कुरालाई ध्यान दिएर कानुनलाई तत्काल संशोधन गर्नुपर्छ ।

*(साभार: रातोपाटी)*

आम निर्वाचन ०७९

# मतदान गर्दै कलाकारहरूले भने, '५ वर्षपछि म पनि उम्मेदवार बन्छु'

काठमाडौं, ४ मंसिर/ आइतबार देशभर प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि मतदान जारी छ । मतदानमा सर्वसाधारणदेखि कलाकारसम्मले आफ्नो क्षेत्रमा तोकिएको मतदान केन्द्रबाट मतदान गरिरहेका छन् ।



फिल्म क्षेत्रका महानायक राजेश हमालले काठमाडौँको लैनचौरस्थित जननाथ स्मृति मावि मतदान केन्द्रबाट मतदान गरेका छन् । उनले मतदान गर्दै अबको ५ वर्षपछिको निर्वाचनमा आफू पनि उम्मेदवारको रूपमा प्रस्तुत हुन सक्ने मिडियालाई बताए ।

सदाबहार सुन्दरी अभिनेत्री करिष्मा मानन्धरले महाराजगञ्ज स्थित काठमाडौँ महानगरपालिका-३ को वडा कार्यालयमा राखिएको मतदान केन्द्रबाट मतदान गरेकी छन् । पछिल्लो समय गोदावरी निवासी करिष्मासँगै उनका पति तथा फिल्म निर्माता विनोद मानन्धरले मतदान गरेका छन् । करिष्माको पनि ५ वर्षपछिको निर्वाचनमा उम्मेदवार बन्ने सोच छ ।

अभिनेता तथा चलचित्र विकास बोर्ड अध्यक्ष भुवन केसीले काठमाडौँ क्षेत्र नम्बर २ स्थित गुह्येश्वरी मावि केन्द्रमा मतदान गरेका छन् । पछिल्लो समय एमालेबाट नेपाली कांग्रेसमा प्रवेश गरेका केसीले भविष्यमा आफू पनि उम्मेदवार बन्ने बताएका छन् ।

अभिनेत्री तथा निर्देशक दीपाश्री निरौलाले विराटनगर ६ बालिका स्कुल मतदान केन्द्रबाट मतदान गरेकी छन् । कामको सिलसिलामा काठमाडौँ रहँदै आएकी दीपाले आफ्नो अमूल्य मतको सदुपयोग गर्न विराटनगर पुगेको बताइन् ।

अभिनेत्री सञ्चिता लुइँटेलले पनि काठमाडौं बत्तिसपुतली स्थित राम मन्दिर मतदान केन्द्रबाट भोट खसालेकी छन् । देश र जनताका लागि केही गर्ने सोच भएका नयाँ पुराना छानेर मतदान गरेको बताउने सञ्चिताले अबको ५ वर्षपछि आफू पनि उम्मेदवार हुन सक्ने बताइन् ।

हास्य कलाकार किरण केसीले ललितपुर क्षेत्र नं १ को इमाडोल मतदान केन्द्रबाट मतदान गरेका छन् । नागरिकको नैसर्गिक अधिकार प्रयोग गर्न र सक्षम नेतृत्व चयन गर्न आफूले मतदान गरेको केसीले बताए ।

कलाकार उत्तम केसीले तारकेस्वर नगरपालिका ग्रामीण आदर्श मतदान केन्द्रबाट मतदान गरेका छन् । मतदान सुरु हुने बित्तिकै मतदानका लागि पुगेको केसी आफ्नो आस्थामा रहेको पार्टीका उम्मेदवार जिताउन र देश निर्माणमा योगदान दिन मतदान गरेको बताए । अबको ५ वर्षको निर्वाचनमा केसीको पनि उम्मेदवार बन्ने इच्छा रहेको छ ।

अभिनेत्री सरिता लामिछानेले पनि काठमाडौँ ४ को चाबहिल स्थित पशुपति क्याम्पस मतदाता केन्द्रबाट मतदान गरेकी छन् । राम्रो र सक्षम उम्मेदवारका लागि आफूले मतदान गरेको लामिछानेले बताइन् ।

कलाकार जितु नेपालले काठमाडौँ क्षेत्र नम्बर २ को जडिबुट्टी नरेफाट स्थिति कोटेदेबी मतदान केन्द्रबाट मतदान गरेका छन् । अभिनेता मनोज गजुरेलले सूर्यविनायक-२, बालकोटको बालबिनायक मतदान केन्द्रबाट मतदान गरेका छन् । जगुरेलले मतदान गरेको तस्बिर समेत सार्वजनिक गरेका छन् ।

चलचित्र निर्माता संघका अध्यक्ष तथा नायक, निर्माता, निर्देशक नवल खड्काले खोटाङको खोटेहाङ गाउँपालिका स्थित सिमपानी मतदान केन्द्रबाट मतदान गरेका छन् । आफ्नो अमूल्य मत आफू नजिकका व्यक्तिलाई दिएको बताउने नवलले आगामी निर्वाचनमा आफू पनि उम्मेदवार बन्ने बताए ।

त्यस्तै गायिका सत्यकला राई र संगीतकार महेश खड्काले पनि खोटाङको खोटेहाङ गाउँपालिका स्थित सिमपानी मतदान केन्द्रबाट मतदान गरेका छन् ।

अभिनेता तथा निर्देशक निश्चल बस्नेतले पनि आफ्नो मतदान केन्द्रबाट मतदान गरेका छन् । उनले मतदानपछिको एक तस्बिर पोष्ट गर्दै मतदान मार्फत आफ्नो भविष्य कोरेको बताएका छन् । उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'औंलामा लाइन कोरेको मात्र होइन, भविष्य पनि रोजेको हो । आशा गरौँ जित्नेहरुले देशको भलो गरुन्, आसा गरौँ देशको भलो गर्नेहरूले जितुन् ।'

कलाकार शिव शंकर रिजाल 'जोगिन्दर' ले सर्लाही क्षेत्र नम्बर ४ को बरथवा मतदान केन्द्रबाट मतदान गरेका छन् । कांग्रेस निकट नेपाल सांस्कृतिक संघका महासचिव रहेका रिजालले आफू निकट उम्मेदवारका लागि भोट गरेको बताएका छन् । रिजालले अबको ५ वर्षको निर्वाचनमा आफू पनि उम्मेदवार बन्ने बताए ।

अभिनेत्री स्वस्तिमा खड्का, निर्माता नायक तथा फिल्म वितरक गोविन्द शाही, गायक सिताराम पोखरेल, संगीतकार चेतन सापकोटा, उदय सुब्बा लगायतले थुप्रै सलिब्रेटीले समेत आ-आफ्नो मतदान केन्द्रबाट मतदान गरेका छन् । जसको जानकारी उनीहरुले आफ्नो सामाजिक सञ्जालबाट जनाएका हुन् ।

*(स्रोत: रातोपाटी)*

# के मतपेटिका साट्न सम्भव हुन्छ ?



काठमाडौं, ३ मंसिर/ निर्वाचनका क्रममा कतिपय दलका नेता तथा उम्मेदवारहरुले मतपेटिका साटिने गरेको आरोप लगाउँछन् । मतदाताहरुले समेत मतपेटिका साटिने हो कि भनी शंका गर्छन् ।

निर्वाचनको निष्पक्षता र स्वच्छतामा नै प्रश्न उठ्ने गरी हुने यो खालको टीकाटिप्पणीबारे हामीले निर्वाचन आयोगका अधिकारीहरुलाई सोधेका छौं ।

मतदान हुनुअघिदेखि मतगणनासम्म विभिन्न सुरक्षा र विश्वसनीयताका उपाय अपनाइने भन्दै निर्वाचन आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले यस्तो कल्पनासम्म पनि गर्न असम्भव हुने बताए । उनका अनुसार सबै संयन्त्र आफ्नो पक्षमा पारे पनि मतपेटिका साट्न र मत बदल्न सम्भव हुँदैन ।

उनले मतपेटिका साटिन्छ कि भनेर शंका गर्नुपूर्व मतपेटिका, त्यसको सुरक्षा र मतदान सुरु गर्नुअघिको कार्यविधि जान्नुपर्ने बताए । आयोगका उपसचिव समेत रहेका अर्यालका अनुसार मतपेटिकामा दुईथरी बिर्को हुन्छ । एउटा ठूलो बिर्को पूरै खोल्न मिल्छ भने अर्को बिर्कोभित्र सानो प्वाल हुन्छ, त्यहाँबाट मतदाताले आफूले छाप लगाएको मत खसाउन मिल्छ तर निकाल्न नमिल्ने गरी बनाइएको हुन्छ । ठूलो अर्थात् मुख्य बिर्कोमा चारवटा सिल लगाउन मिल्छ । मतपत्र घुसार्ने सानो प्वालको बिर्कोमा पनि अर्को सिल लगाउन मिल्छ ।

निर्वाचनसम्बन्धी कार्यविधि अनुसार मतदान गर्नुअघि सम्भव भएसम्म सबै दलका प्रतिनिधिहरुलाई साथमा राखेर मतदान अधिकृतले रित्तो मतपेटिका घोप्टो पार्छन्, ताकि मतपेटिकामा पहिले केही राखेको भए खसोस् र रित्तो भएको सुनिश्चित होस् । त्यसपछि बिर्को लगाइन्छ र बिर्कोमा चारवटा सिल लगाइन्छ ।

निर्वाचन आयोगले मतपेटिकामा लगाउने सिल प्लास्टिकको हुन्छ । सिल लगाएर तानेपछि त्यो कसिन्छ तर फुस्काउन मिल्दैन । सिल तोड्नका लागि कैंचीले सिलको बाहिरको भाग काटेर तोड्नुपर्छ । हरेक सिलमा सिरियल नम्बर हुन्छ र कुनै पनि सिलको सिरियल नम्बर दोहोरिंदैन । दलका प्रतिनिधिले सिल लगाएपछि मुचुल्कामा हस्ताक्षर गर्नुपर्छ । त्यसक्रममा सिलको सिरियल नम्बर पनि मुचुल्कामा लेखिन्छ । उनीहरुले चाहेमा मुचुल्काको फोटो खिचेर लैजान पाउँछन् ।

बिहान ७ बजेदेखि दिनभर मतदान हुँदा मतपेटिकाको मुख्य बिर्को सिलबन्दी गरिएको हुन्छ र माथिबाट पट्याएको मतपत्र खसाल्ने प्वाल मात्रै खुला हुन्छ, त्यहाँबाट मतपत्र निकाल्न मिल्दैन । बेलुकी ५ बजे मतदान सकिएपछि मतदान अधिकृतले सबै दलका प्रतिनिधिलाई बोलाउँछन् । उनीहरुको प्रत्यक्ष उपस्थितिमा मतदान अधिकृतले मतपेटिकाको बिर्कोमा रहेको मत खसाल्ने प्वालमा पनि अर्को सानो बिर्को लगाउँछन् र सिलबन्दी गर्छन । मतपेटिका पूरै सिलबन्दी भएपछि त्यो सुरक्षाकर्मी र मतदान अधिकृतको जिम्मामा रहन्छ ।

मतदान केन्द्रदेखि निर्वाचन अधिकृतको कार्यालयमा गएर सिलबन्दी भएको मतपेटिका र मुचुल्का बुझाउँछन् । दलका प्रतिनिधिहरुले मतदान हुने ठाँउदेखि निर्वाचन अधिकृतको कार्यालयसम्म मतपेटिका लैजाँदा धाँधली हुने, मतपेटिका साटिने आशंका गर्छन् ।

आयोगले सम्भव भएसम्म दलका प्रतिनिधिहरुलाई पनि मतपेटिकाका साथमा लैजाने व्यवस्था मिलाउनु भनेको हुन्छ । व्याहारिक रुपमा सम्भव नहुने र धेरै उम्मेदवार भएका ठाँउमा दलका प्रतिनिधिहरु मतपेटिका बोलेका सवारीसाधनसँगै अर्को सवारीसाधनमा बसेर आउने व्यवस्था हुन्छ । दुर्गममा समेत हेलिकप्टरबाट मतपेटिका ओसार्दा पनि आयोगले दलका प्रतिनिधिहरुलाई सम्भव भएसम्म साथमा लैजान निर्देशन दिएको छ ।

मतदान अधिकृतले निर्वाचन अधिकृतलाई मतपेटिका बुझाइसकेपछि तिनलाई एकैठाँउमा संकलन गर्छन् । मतपेटिका कुनै ठाँउमा भण्डारण गरेर रातभर राख्नुपरेमा कोठाका सबै झ्याल र प्वालहरु बन्द गरिन्छ अनि ढोका लगाएर सिलबन्दी गर्ने चलन हुन्छ । त्यसमा पनि विश्वास नगर्ने पक्षको प्रतिनिधिलाई ढोकाबाहिर सुरक्षा कर्मीको छेवैमा बस्ने वा सुत्ने व्यवस्था गरिदिने चलन छ ।

सबैतिरबाट मतपेटिका संकलन भएपछि मात्रै मतगणनाको काम सुरु हुन्छ । त्यसक्रममा मतपेटिकाको बिर्कोको सिल तोडनुअघि सुरुको मुचुल्कामा लेखेको नम्बर र सिलमा रहेको सिरियल नम्बर रुजु गरिन्छ । त्यसपछि दलका प्रतिनिधिहरुको रोहवरमा मतपेटिकाबाट मतपत्र निकालेर गणनाको काम सुरु हुन्छ । विश्वसनीयता र गोपनीयताका लागि प्राय: दुईभन्दा बढी मतदान स्थलका मतपत्र मिसाएर गन्ने चलन हुन्छ ।

मतपत्रमा अन्य सुरक्षा फिचर र मतदान अधिकृतको दस्तखतका कारण पनि मतपेटिका साटिन सम्भव नहुने उपसचिव अर्याल बताउँछन् । मतपत्रको बीचमा विशेष सुरक्षा संकेत राखिएको हुन्छ, जुन निर्वाचन आयोगका दुई अधिकारीहरु बाहेक तेस्रो व्यक्तिलाई समेत थाहा हुँदैन ।

*(स्रोत: अनलाइनखबर)*

## मतदान स्थगित भएका केन्द्रमा दुई दिनभित्र फेरि निर्वाचन हुने



काठमाडौं, ४ मंसिर/ आइतबार सम्पन्न प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनका क्रममा कतिपय मतदान स्थगित भएका क्षेत्रमा दुई दिनभित्र फेरि चुनाव हुने भएको छ ।

स्थगित वा मतदान केन्द्रमा दुई दिनभित्र पुन: मतदान गर्ने गरी व्यवस्था मिलाउन सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिइएको निर्वाचन आयोगले बताएको छ । आयोगले सुर्खेत, नवलपरासी, गुल्मी र बाजुराका विभिन्न १५ स्थानमा मतदान स्थगित भएको जनाएको छ । मतदानका क्रममा फाटफुट घटना घटे पनि समग्रमा निर्वाचन शान्तिपूर्ण भएको निष्कर्ष निकालेको छ ।

## अहिलेको गठबन्धन लामो समयसम्म अघि बढ्छ : प्रचण्ड

गोरखा/नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले अहिलेको लोकतान्त्रिक-वाम गठबन्धन लामो समयसम्म अघि बढ्ने बताएका छन् । आफू उम्मेदवार रहेको गोरखा क्षेत्र नं २ का विभिन्न मतदान केन्द्रको अवलोकन गर्न चितवनमा मतदान गरेर गोरखा पुगेका उनले पत्रकारहरूसँग कुराकानी गर्दै अहिलेको गठबन्धन लामो समयसम्म जाने बताएका हुन् ।



'यो गठबन्धनलाई लामो समयसम्म अघि बढाउनुपर्छ भन्नेमा गठबन्धनमा आबद्ध सबै दल एकमत छन्,' उनले भने, 'भोलि जसको नेतृत्वमा सरकार बने पनि गठबन्धन कायम रहन्छ ।' अध्यक्ष दाहालले आगामी सरकारको नेतृत्व कसले गर्ने भन्ने बारेमा गठबन्धन दलहरू बीचमा अहिले कुनै छलफल नभएकोसमेत बताए ।

उनले यस पटकको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन अरू बेलाको जस्तो सामान्य निर्वाचन नभएको भन्दै यसलाई जनमत संग्रहका रूपमा लिन सकिने बताए । अध्यक्ष दाहालले यो निर्वाचन संविधानमा पटक-पटक आक्रमण गर्ने र संविधानको रक्षा गर्दै विकास र समृद्धिको यात्रा सुरु गर्न चाहने बीचको प्रतिस्पर्धा गर्ने निर्वाचन रहेको उल्लेख गरे ।

गोरखा आएर अध्यक्ष दाहालले आफ्नो निर्वाचन क्षेत्रमा पर्ने पालुङटार नगरपालिका-२, बडडाँडा, गोरखा नगरपालिकाको छेवेटार, बिरिनचोक, तेह्रकिलो, कुन्दुरटार लगायतका स्थानमा पुगेर मतदान केन्द्रको स्थलगत अवलोकन गरेका थिए ।

"तपाईं हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हाम्री तपाईंहरुकै माझमा छौं,
पाठकको चाहनालाई मध्यनजर गर्दै
परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेबसाइडमा: www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेबसाइटमा सजिलै पढ्न सकिने छ ।

## धान पकेट क्षेत्रकै बासिन्दा आयातित चामलमा निर्भर

डुम्रे/तनहुँको व्यास नगरपालिका-८ बर्लाचीका ८१ वर्षीय अग्रज किसान विष्णुप्रसाद ओझालाई बजारबाट किनेर ल्याएको चामलको भातको स्वाद पटक्कै मनपर्दैन । आफ्नै खेतमा उब्जेको धानको भात खाँदै आएका उनी अहिले बजारको चामलको स्वाद मन नपरे पनि खानुपर्ने बाध्यता रहेको बताउँछन् ।

पहिले गाउँमा एउटा घरमा मसिनुको चामल पाक्दा गाउँभर नै बास्ना थाहा हुने गरेको सम्झँदै उनी भन्छन्, 'पहिले चामलको स्वाद गुलियो हुन्थ्यो । अहिले स्वाद नै फरक छ । अहिलेको धानबाट आएको चामलको गुलियोपन छैन ।' प्राङ्गारिक मल प्रयोग खेतीपातीमा गर्ने प्रचलन नै हराएको उनी बताउँछन् । विगतमा प्राङ्गारिक मल र गाईवस्तुको मल हाल्दा उत्पादन राम्रो हुनुका साथै स्वादिलो हुने गरेको उनको भनाइ छ ।

ओझा भन्छन्, 'ढिँकी, जाँतोमा कुटानीपिसानी गर्ने भएकाले पनि स्वादिलो हुन्थ्यो । अहिले विद्युतीय मेसिनमा कुटानीपिसानी हुँदा स्वाद फरक परेको हो ।' अहिले खेतीपाती गर्न खर्चिलो भएको उनी बताउँछन् । लगानीअनुसारको प्रतिफल हुन छाडेपछि जग्गा बाँझै राखेर बजारबाट चामलको बोरा ओसार्ने क्रम बढ्दै गएको उनको भनाइ छ । उनी बताउँछन्, 'भकारीको धान निकाल्नु भन्दा बजारको बोरा बोक्न सजिलो मान्छन् मानिसहरू । दु:ख किन गर्छन् र ?'

आफ्नै खेतबारीमा उत्पादन भएको धान किनेर खानुपर्ने अवस्था आएको बताउँदै उनी भन्छन्, 'अधियाँ गर्ने मान्छे पाइँदैन । खेत बाँझै रहन्छ । आफ्नो खेत ठेक्कामा दिएर उत्पादन भएको धानलाई बजारबाट किनेर चामल खानु परेको छ ।' विगतमा मङ्सिरे धान मात्रै ७० देखि ८० मुरी धान उत्पादन गर्ने उहाँले केही वर्षदेखि आफूले खेती गर्न नसकेको बताउँछन् ।

व्यास नगरपालिका-७ का ८० वर्षीय इन्द्रबहादुर शाहीले उत्पादन गर्न नसकेपछि बजारको चामल किनेर खानुपर्ने अवस्था आएको बताए । 'खेतीपाती गर्न सकिदैन । छोराछोरी बजार झर्ने र विदेश जाने गर्दा खेतीपाती गर्दैनन् । भएको जग्गाजमिन बाँझो छ र किनेर बजारको चामल खानुपर्ने बाध्यता भएको छ,' शाहीले भने । बजारबाट किनेको चामलको मूल्य भन्दा उत्पादन लागत बढी हुने हुँदा पनि युवा पुस्ताले चासो दिन छाडेको उनको भनाइ छ ।

कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख एवं वरिष्ठ कृषि विकास अधिकृत कुलप्रसाद तिवारीले धान उत्पादन बर्सेनि घट्दो क्रममा रहेको बताए । 'धान उत्पादन लागत बर्सेनि वृद्धि हुन्छ तर धानको मूल्य वृद्धि नहुँदा धान खेतीमा युवाको चासो छैन,' उनले भने । जिल्लामा जमिन बाँझिने क्रम बढ्दै गएको तिवारीले बताए । 'जबसम्म स्थानीय, प्रदेश र सै सरकारले जमिन बाँझो राख्न नपाउने नीति निर्माण गर्दैनन्, तबसम्म बाँझो जमिन बढ्दै जान्छ ।

चालू आर्थिक वर्षमा तनहुँमा धान उत्पादन वृद्धि हुने भएको छ । धान फुल्ने समयमा वर्षा भएकाले उत्पादन बृद्धि भएको वरिष्ठ कृषि विकास अधिकृत तिवारीले बताए । 'गत वर्षको तुलनामा यसवर्ष धान उत्पादन वृद्धि हुने अनुमान गरेका छौँ, उनले भने । गत वर्ष आठ हजार सय २० हेक्टर क्षेत्रफलमा गरिएको धान खेतीबाट ३२ हजार आठ सय २४ मेट्रिकटन धान उत्पादन भएको थियो । यसवर्ष उत्पादन क्षेत्र केही वृद्धि भएको उनले भने ।

यसवर्ष आठ हजार सात सय ३० हेक्टर क्षेत्रफलमा गरिएको धान खेतीबाट ३३ हजार आठ सय ४० मेट्रिकटन धान उत्पादन हुने अनुमान गरिएको तिवारीले बताए । उत्पादन वृद्धि भए पनि पकेट क्षेत्रकै किसानले धान किनेर खानुपर्ने अवस्था रहेको उनले बताए ।

कृषि पेसामा लागत वृद्धि हुने क्रम रहेकाले यसबाट विमुख हुने किसान बढ्दै गएका छन् । आफैँले उत्पादन गर्नुभन्दा किनेर चामल खान लागत कम पर्ने भएपछि दु:ख गर्न युवा नचाहने बताइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com





# मकवानपुरमा यस्तो भयो निर्वाचनको रौनक




हेटौंडा, ४ मंसिर/आईतबार देशैभरि एकैचरणमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन भएको छ । देश संघीयतामा गएपछि दोस्रोपटक प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकैचरणमा भएको हो । मकवानपुरमा पनि आईतबार भव्य रुपमा निर्वाचन सम्पन्न भएको छ । जिल्लाको १० वटै स्थानीय तहमा रहेको १६५ वटा मतदानस्थलबाट निर्वाचन भएको हो । मकवानपुरमा दुईवटा प्रतिनिधिसभा र ४ वटा प्रदेशसभाको निर्वाचन क्षेत्र रहेको छ । मकवानपुरमा ३ लाख ७ हजार मतदाता रहेकोमा कुल मतदाताको करिव ५९ प्रतिशत मात्रै मत खसेको छ । आईतबार भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा मकवानपुरमा कूल मतदाताको ५९ प्रतिशत मत खसेको हो । मकवानपुरमा कुल मतदाता तीन लाख ७७६ मतदाता रहेका छन् । तीमध्ये ९२ हजार ८ सय ७७ पुरुष र ८५ हजार ४ सय महिलाले मतदान गरेको मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले जानकारी दिए । त्यस्तैगरि अन्य ५ जना गरि जम्मा एक लाख ७८ हजार दुईसय ८२ मत खसेको निरौलाको भनाई छ । मकवानपुरमा रहेका शीर्षस्थ नेताहरुदेखी १०२ वर्षकि हेमा कुमारी थापाले मतदान गरेकी छिन् । जिल्लामा शान्तिपूर्ण रपमा चुनाव सम्पन्न भएको छ । जिल्लाका कुनैपनि मतदान केन्द्रमा निर्वाचनमा कुनैपनि समस्या नभएको र शान्तिपूर्ण ढंगले सम्पन्न भएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेले बताए ।

# मंसिर २२ मा हेटौंडामा गुञ्जिँदै नेपथ्य

हेटौंडा, ४ मंसिर/ मानवता प्रवर्द्धनको बीउ रोपिएको ठाउँ मकवानपुरको हेटौंडास्थित भुटनदेवी चौरमा आउँदो मंसिर २२ गते नेपथ्य लाइभ कन्सर्टमा हेटौडा बासीले संगीतको मजा लिने मात्रै होइन एकसाथ मानवीय सेवा पनि गर्न पाउने सुनौलो अबसर जुरेको छ । जुन ठाउँमा मानवसेवा आश्रमको केन्द्रिय कार्यालय समेत रहेको छ ।

अघिपछिका कन्सर्टहरुमा टिकटको शुल्क सिधै आयोजकमा जान्थ्यो तर यो पटकको टिकट मानवीय सेवामा पनि लगानी हुने भएकाले दर्शकहरुलाई एक साथ रमाइलो पनि हेर्न पाइने र समाज सेवा पनि गर्न सकिने दोहोरो फाइदा मिल्नेछ ।

हेटौडाको लामसुरेधापमा रहेको मानवसेवा आश्रमको भवन निर्माण तथा त्यहाँ आश्रित बेसहाराहरुको संरक्षण र पालन पोषणको सहयोगार्थ उक्त दिन आयोजना गरिएको 'नेपथ्य लाईभ कन्सर्ट'मा त्यसका मुख्य गायक अमृत गुरुङले लोक/रक गीतहरु प्रस्तुत गर्नुहुनेछ । कार्यक्रमको तयारी तिब्र भएको र टिकट विक्री थालिएको मानवसेवा आश्रम हेटौंडाले जनाएको छ ।



सांगीतिक कार्यक्रममार्फत आर्थिक संकलन गरी बेसहाराहरुको पालन पोषण र उनीहरुका लागि निर्मित भवनलाई पूर्णता दिन मानवसेवा आश्रमले मुलुकका प्रमुख १० शहरमा गर्न लागेको कन्सर्टअन्तरगत मकवानपुरको यो कार्यक्रम तेस्रो हुनेछ ।

मानवसेवा आश्रमको मुख्य कार्यालयमा हाल मुख्य भवन र लक्ष्मी भवन (स्व. राज्य थापा स्मृति भवन) को निर्माण कार्य सम्पन्न भए पनि बालवालिका आवास, बागबगैँचा, गाइगोठ लगायतका कार्यहरु निर्माणको चरणमा नै छन् । यसरी आश्रमको निर्माण कार्यलाई सम्पन्न गरी पूर्ण क्षमतामा सञ्चालन गर्न र लक्ष्मी नारायण र बालगोपालहरुको स्वास्थ्य उपचारका लागि आपतकालिन अक्षयकोष स्थापनका गर्न कन्सर्ट गर्न लागिएको अध्यक्ष रामजी अधिकारीले बताउनुभयो ।

हाल मुख्य कार्यालयमा १८ बालक, ३ बालिका, ९४ पुरुष र ७७ जना महिला गरी १९२ जना व्यक्तिहरु आश्रित छन् ।

लाइभ कन्सर्टको शुरुवात विराटनगरमा मङ्सिर १६ गतेबाट हुनेछ । मङ्सिर १९ गते वीरगञ्जको आदर्शनगर रंगशालापछि २२ गते हेटौँडाको भुटनदेवी स्कुल चौरमा कार्यक्रम गरिने छ ।

त्यसपछि २५ गते भरतपुरको क्याम्पाचौरमा, २९ गते नेपालगञ्जको रंगशालामा, पौष ३ गते धनगढी रंगशाला, ६ गते सुर्खेतको खुल्लामञ्च, ९ गते बुटवलको कालिका मानवज्ञान मावि सेक्टर २ (रामनगर) मैदान, १२ गते पोखराको प्रदर्शनी केन्द्रमा नेपथ्य गुञ्जिने छ ।

अन्तिम कार्यक्रमको रुपमा अंग्रेजी नयाँ वर्षको अघिल्लो रात 'न्यू इयर इभ' को दिन पौष १६ गते काठमाडौँको भृकुटीमण्डपमा हुनेछ । कन्सर्टमा सहभागि हुनका लागि मानव सेवा आश्रमको मुख्य कार्यालयबाट र अनलाइनमा थुप्रै डटकम र इ-सेवा बाट टिकट लिन सकिने छ ।

मानवसेवा आश्रम नितान्त दाताहरुको स्वेच्छिक सहयोग र स्थानीय सरकारको आंशिक सहयोगमा सञ्चालित छ । यसमा व्यक्तिले स्वेच्छाले विशेष पर्व एवं अवसरहरुमा नगद वा जिन्सी सहयोग गर्न सक्ने आश्रमले जनाएको छ ।

# प्रत्यक्ष र समानुपातिकर्फको मत एकैसाथ गणना गर्न निर्देशन

काठमाडौं, ४ मंसिर/ निर्वाचन आयोगले आइतबार सम्पन्न प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको मतगणना गर्दा प्रत्यक्ष र समानुपातिकर्फको मत एकैपटक चार स्थानमा गणना गर्न निर्देशन दिएको छ ।

मतदानका क्रममा कतिपय मतदान केन्द्रमा कर्मचारी र मतदाताको असावधानीका कारण प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको केही मतपत्र तोकिएको मतपेटिकामा नखसी अर्को मतपेटिकामा खसेको भन्ने गुनासो आएपछि मतगणनाका लागि उक्त निर्देशन दिएको हो।

यसरी गणना गर्दा आठ दिनभित्र परिणामबाहिर ल्याउने आयोगको योजना छ । आइतबार साँझ आयोजित पत्रकार सम्मेलनमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मतदान सम्पन्न भएका सबै मतदानस्थलबाट साँझदेखि नै मतपेटिका निर्वाचन अधिकृतको कार्यालयमा ढुवानी भइरहेको र मतपेटिका मतगणनास्थलमा ल्याइसके पछि दलीय सहमति जुटाई काठमाडौं उपत्यका लगायतका क्षेत्रमा रातिदेखि नै मतगणना सुरू गर्ने बताए ।

दुर्गम स्थानमा मतपेटिका सुरक्षित साथ संकलनका लागि हेलिकप्टरसमेत प्रयोग गरिने आयोगले जनाएको छ। संकलन भएपछि तत्काल मतगणना सुरू गर्न आयोगले निर्देशन दिएको छ। आइतबारको मतदानमा १५ मतदानस्थलमा मतदान स्थगन भएको छ।

# पर्सामा ५१ प्रतिशत मत खसेको अनुमान



वीरगञ्ज, ४ मंसिर/ पर्सामा शान्तिपूर्ण रुपमा मतदान सम्पन्न भएको छ । १ सय ६७ मतदान स्थलमा तयार गरिएको ४ सय १२ मतदान केन्द्रमा शान्तिपूर्ण रुपमा मतदान भएको हो ।

जिल्लामा ५१ प्रतिशत भन्दा बढी मत खसेको मुख्य निर्वाचन अधिकृत विनोदकुमार पोखरेलले जानकारी दिए । 'मतदान अधिकृत आएर मतपेटिका नबुझाएसम्म यकिन तथ्यांक आउँदैन,' उनले भने, 'सुरक्षा निकायले संकलन गरेको विवरण अनुसार ५१ प्रतिशत भन्दा बढी मत खसेको अनुमान छ ।' ३० वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा पर्सामा ७० प्रतिशत मत खसेको थियो । ४ वटा निर्वाचन क्षेत्र रहेको पर्सामा ३ लाख ४५ हजार ९ सय २८ मतदाता छन् ।


## शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।
- जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

### VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८०२९००३१६, ९८०२६३१६६४

## थप सुविधाका साथ हाम्रा सेवाहरू

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरू :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्धारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्धारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

## आफ्नै उद्योगबाट उत्पादित दुग्ध तथा दुग्धजन्य पदार्थ अर्डर बमोजिम उपलब्ध गराइन्छ ।

**गायत्री डेरी इन्डष्ट्रिज प्रा.लि.**
हेटौडा, मकवानपुर



०५७-५२०४८३, ०५७-५२१९१८, ९८४१५२७००६, ९८४५१०३६१४


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना